# देशको वर्तमान आर्थिक स्थिति

(प्रारम्भिक तथ्याङ्कमा आधारित)

## कुल गार्हस्थ्य उत्पादन

आर्थिक विकासको लागि उच्च, दिगो तथा फराकिलो आर्थिक वृद्धि दोस्रो तथा आवश्यक शर्त हो । विगत १० वर्षको अवधिको औसत आर्थिक वृद्धिदर ४.१ प्रतिशत मात्र रहेको छ । विगतका वर्षहरुमा देशको आर्थिक वृद्धिदर उत्साहजनक नदेखिएको भएता पनि आर्थिक वर्ष २०७०/७१ मा अपेक्षाकृत आर्थिक वृद्धिदर हाँसिल भएको प्रारम्भिक अनुमान बाट आगामी वर्षहरुमा आर्थिक वृद्धिले गति लिने अपेक्षा गरिएको छ । केन्द्रिय तथ्यांक विभागको प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०७०/७१ मा मुलुकको यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ( Real GDP Growth Rate) आधारभूत मूल्यमा ५.२ प्रतिशत रहेको छ । यो वृद्धिदर आर्थिक वर्ष २०६९/७० मा ३.५ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्षमा नेपाल सरकारले ६.० प्रतिशतको आर्थिक वृद्धिदर हाँसिल गर्ने लक्ष्य लिएको छ ।

## मुद्रास्फीति

आर्थिक वर्ष २०७०/७१ को वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ९.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७१/७२ को दोस्रो महिना (भाद्र) मा सो मुद्रास्फीति ७.६ प्रतिशत रहेको छ । चालु आर्थिक वर्षमा मुद्रास्फीति ८ प्रतिशतमा कायम राख्ने लक्ष्य मौद्रिक नीतिले लिएको छ ।

## सरकारी वित्त

### राजस्व

आर्थिक वर्ष २०७०/७१ मा नेपाल सरकारको कुल राजस्व २०.५ प्रतिशतले बढेर रू ३५६ अर्ब ६२ करोड पुगेको छ जुन बार्षिक बजेटको लक्ष्यको तुलनामा ०.६ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षमा उक्त राजस्व २१.२ प्रतिशतले बढेर रु. २९६ अर्ब १ करोड पुगेको थियो । यो आर्थिक वर्ष २०७१/७२ को आश्विन महिनासम्म रू. ८४ अर्ब २७ करोड ३३ लाख राजस्व संकलन भएको छ । आश्विन महिनामा मात्र रू. २९ अर्ब १९ करोड ३१ लाख राजस्व संकलन भएको छ । राजस्व आश्विन महिनासम्मको लक्ष्यको तुलनामा ६.२८ प्रतिशतले बढी र आश्विन महिनाको लक्ष्यको तुलनामा १५.०३ प्रतिशत ले बढी हो । त्यसैगरी, आश्विन महिनासम्म संकलन भएको राजस्व वार्षिक लक्ष्यको १९.९३ प्रतिशत रहेको छ ।

## कर राजस्व

आर्थिक वर्ष २०७१/७२ को आश्विनसम्म रू. ७४ अर्ब ६६ करोड १८ लाख  कर राजस्व संकलन भएको छ । आश्विन महिनामा मात्र रू. २३ अर्ब ३० करोड ७९ लाख कर राजस्व संकलन भएको छ । संकलित कर राजस्व आश्विन महिनासम्मको लक्ष्यको तुलनामा १.५७ प्रतिशतले बढी र आश्विन महिनाको लक्ष्यको तुलनामा ०.६० प्रतिशतले कमी हो । त्यसैगरी, आश्विन महिनासम्म संकलन भएको कर राजस्व वार्षिक लक्ष्यको १९.९२ प्रतिशत रहेको छ ।

## गैर-कर राजस्व

आर्थिक वर्ष २०७०/७१ मा गैर-कर राजस्व अघिल्लो वर्षको तुलनामा २३.८ प्रतिशतले बढेर रु. ४५ अर्ब ५ करोड पुगेको छ । आर्थिक वर्ष २०६९/७० मा यो राजस्व ३.७ प्रतिशतले घटेर रु. ३६ अर्ब ४० करोड रहेको थियो । आर्थिक वर्ष २०७१/७२ को आश्विनसम्म रू. ९ अर्ब ६१ करोड १५ लाख गैर कर राजस्व संकलन भएको छ । आश्विन महिनामा मात्र रू. ५ अर्ब ८८ करोड ५२ लाख  गैर कर राजस्व संकलन भएको छ । यो राजस्व आश्विन महिनासम्मको लक्ष्यको तुलनामा ६६.१९ प्रतिशत ले बढी तथा आश्विन महिनाको लक्ष्यको तुलनामा २०५.२९ प्रतिशतले बढी हो । त्यसैगरी, आश्विन महिनासम्म संकलन भएको गैर-कर राजस्व वार्षिक लक्ष्यको १९.९४ प्रतिशत रहेको छ ।

## सरकारी खर्च

आर्थिक वर्ष २०७०/७१ मा कुल सरकारी खर्च (नगद प्रवाहमा आधारित) १५.७ प्रतिशतले बृद्धि भई रु. ४१५ अर्ब ५८ करोड पुगेको छ । उक्त खर्च आर्थिक वर्ष २०६९/७० मा १२.३ प्रतिशतले बढेर रू. ३५९ अर्ब ४ करोड पुगेको थियो । आर्थिक वर्ष २०७१/७२ को आश्विन मसान्तसम्म सरकारी खर्च रू. ६७ अर्ब ५९ करोड २३ लाख १२ हजार पुगेको छ र यो खर्च वार्षिक लक्ष्यको १०.९४ प्रतिशत रहेको छ ।

## चालु खर्च

आर्थिक वर्ष २०७०/७१ मा चालु खर्च (नगद प्रवाहमा आधारित) २१ प्रतिशतले बृद्धि भई रु. २९४ अर्ब ७२ करोड पुगेको छ । उक्त खर्च बजेट अनुमानको ८३.४ प्रतिशत हो । आर्थिक वर्ष २०७१/७२ को आश्विन मसान्तसम्म चालु खर्च रू. ६२ अर्ब २२ करोड ११ लाख २२ हजार पुगेको छ र यो खर्च कूल वार्षिक लक्ष्यको १५.६० प्रतिशत रहेको छ ।

## पुँजीगत खर्च

आर्थिक वर्ष २०७०/७१ मा पुँजीगत खर्च (नगद प्रवाहमा आधारित) १९ प्रतिशतले बृद्धि भई रु. ६० अर्ब ९५ करोड पुगेको छ । उक्त खर्च बजेट अनुमानको ७१.६ प्रतिशत हो । आर्थिक वर्ष २०७१/७२ को आश्विन मसान्तसम्म पूँजिगत खर्च रू. ३ अर्ब ३५ करोड २२ लाख ७० हजार पुगेको छ र यो खर्च वार्षिक लक्ष्यको २.८७ प्रतिशत मात्र रहेको छ ।

## वित्तीय व्यवस्था

आर्थिक वर्ष २०७०/७१ मा वित्तीय व्यवस्था अन्तर्गतको खर्च (नगद प्रवाहमा आधारित) १४.८ प्रतिशतले बृद्धि भई रु. ५९ अर्ब ७८ करोड पुगेको छ । उक्त खर्च बजेट अनुमानको ७५.९ प्रतिशत  हो । आर्थिक वर्ष २०७१/७२ को आश्विन मसान्तसम्म वित्तीय व्यवस्थाका लागि रू. २ अर्ब १ करोड ८९ लाख २० हजार भुक्तानी गरिएको र यो खर्च वार्षिक लक्ष्यको १.९७ प्रतिशत रहेको छ ।

## बजेट घाटा/बचत

आर्थिक वर्ष २०७०/७१ मा सरकारको बजेट (नगद प्रवाहमा आधारित) रू. १२ अर्ब ६ करोडले घाटामा रहेको छ र उक्त घाटा  आर्थिक वर्ष २०६९/७० मा रू. ३१ अर्ब २१ करोड रहेको थियो । आर्थिक वर्ष २०७०/७१ मा बजेट घाटा-कुल ग्राहस्थ उत्पादन अनुपात अघिल्लो वर्षको १.८ प्रतिशतको तुलनामा ह्रास भई ०.६ प्रतिशत रहेको छ । चालु आर्थिक वर्षमा सरकारको बजेट आश्विन मसान्तसम्म रु. २८ अर्ब ७५ करोड ७७ लाख ७२ हजारले बचतमा रहेको छ ।

# मौद्रिक क्षेत्र

## विस्तृत मुद्राप्रदाय

आर्थिक वर्ष २०७०/७१ मा विस्तृत मुद्राप्रदाय १९.१ प्रतिशतले बढेको छ र उक्त मुद्राप्रदाय आर्थिक वर्ष २०६९/७० मा १६.४ प्रतिशतले बढेको थियो । चालु आर्थिक वर्ष २०७१/७२ को दोस्रो महिनामा विस्तृत मुद्राप्रदायमा १.० प्रतिशतले बृद्धि आएको छ जुन मुद्राप्रदाय गतवर्षको सोही अवधिमा ०.८ प्रतिशतले बढेको थियो ।

## संकुचित मुद्राप्रदाय

आर्थिक वर्ष २०७०/७१ मा संकुचित मुद्राप्रदाय १७.७ प्रतिशतले बढेको छ र उक्त मुद्राप्रदाय आर्थिक वर्ष २०६९/७० मा १४.४ प्रतिशतले बढेको थियो । चालु आर्थिक वर्ष २०७१/७२ को दोस्रो

महिनामा संकुचित मुद्राप्रदायमा २.८ प्रतिशतले संकुचन आएको छ जुन मुद्राप्रदाय गतवर्षको सोही अवधिमा ५.५ प्रतिशतले घटेको थियो ।

## आन्तरिक कर्जा

आर्थिक वर्ष २०७०/७१ मा कुल आन्तरिक कर्जा १२.६ प्रतिशतले वृद्धि भएको छ र उक्त कर्जा आर्थिक वर्ष २०६९/७० मा १७.२ प्रतिशतले बढेको थियो । चालु आर्थिक वर्षको दोस्रो महिनामा कुल आन्तरिक कर्जा ०.२ प्रतिशतले बढेको छ र यस्तो कर्जा आर्थिक वर्ष २०७०/७१ को सोही अवधिमा १.८ प्रतिशतले घटेको थियो ।

## तरलता व्यवस्थापन

आर्थिक वर्ष २०७१/७२ को दोस्रो महिनामा खुद तरलता प्रवाह रु. ४४ अर्ब ७८ करोड बराबरको रहेको छ जसको लागि नेपाल राष्ट्र बैंकले विदशी विनिमय बजारबाट अमेरिकी डलर ४७ करोड १५ लाख खुद खरिद गरेको छ ।

## सञ्चित मुद्रा

आर्थिक वर्ष २०७०/७१ मा सञ्चित मुद्रा २३.३ प्रतिशतले बढेको छ र उक्त मुद्रा आर्थिक वर्ष २०६९/७० मा १०.९ प्रतिशतले मात्र बढेको थियो । चालु आर्थिक वर्षको दोस्रो महिनामा सञ्चित मुद्रा ३.९ प्रतिशतले बढेको छ र उक्त मुद्रा गत वर्षको सोही अवधिमा १.८ प्रतिशतले बढेको थियो ।

## निक्षेप परिचालन

चालु आर्थिक वर्षको दोस्रो महिनामा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनमा ०.३ प्रतिशत (रू. ४ अर्ब ८९ करोड) ले बढेको छ । यस्तो परिचालन आर्थिक वर्षको सोही अवधिमा १.० प्रतिशत (रु. ११ अर्ब ५० करोड) ले बढेको थियो ।

## कर्जा तथा लगानी

चालु आर्थिक वर्ष २०७१/७२ को दोस्रो महिनामा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी ३.६ प्रतिशत (रू. ४७ अर्ब ७६ करोड) ले बृद्धि भएको छ र यस्तो परिचालन गत आर्थिक वर्षको सोही अवधिमा ११ प्रतिशत (रु. १२ अर्ब ७५ करोड) ले बढेको थियो ।

## अन्तर बैंक कारोबार

### वाणिज्य बैंकहरु

आर्थिक वर्ष २०७०/७१ मा वाणिज्य बैंकहरुले रु. २०० अर्ब ७६ करोड बराबरको अन्तरबैंक कारोबार गरेका छन् र यस्तो कारोबार आर्थिक वर्ष २०६९/७० मा रु. ७२५ अर्ब ७७ करोड रहेको थियो । चालु आर्थिक वर्ष २०७१/७२ को दोस्रो महिनामा वाणिज्य बैंकहरुले रु. २० अर्ब ९७ करोड बराबरको अन्तरबैंक कारोबार गरेका छन् र यस्तो कारोबार आर्थिक वर्ष २०७०/७१ को दोस्रो महिनामा रु. ३१ अर्ब ८६ करोड रहेको थियो ।

### अन्य वित्तिय संस्थाहरु (विकास बैंक र वित्त कम्पनीहरु)

आर्थिक वर्ष २०७०/७१ मा वाणिज्य बैंकहरु बाहेकका अन्य वित्तीय संस्थाहरुले रु. १७१ अर्ब ६ करोड बराबरको अन्तरबैंक कारोबार गरेका छन् र यस्तो कारोबार आर्थिक वर्ष २०६९/७० मा रु. १८४ अर्ब ५८ करोड रहेको थियो । चालु आर्थिक वर्ष २०७१/७२ को दोस्रो महिनामा वाणिज्य बैंकहरु बाहेकका अन्य वित्तीय संस्थाहरुले रु. २४ अर्ब ४३ करोड बराबरको अन्तरबैंक कारोबार गरेका छन् र यस्तो कारोबार आर्थिक वर्ष २०७०/७१ को दोस्रो महिनामा रु. २० अर्ब ५० करोड रहेको थियो ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

आर्थिक वर्ष २०७०/७१ मा कुल वस्तु निर्यात १७.४ प्रतिशतले वृद्धि भई रू. ९० अर्ब २९ करोड पुगेको छ । चालु आर्थिक वर्ष २०७१/७२ को दोस्रो महिनामा भने कुल वस्तु निर्यातमा ४.८ प्रतिशतले कमि आई रू. १४ अर्ब ४३ करोड पुगेको छ ।

आर्थिक वर्ष २०७०/७१ मा कुल वस्तु आयात २७.३ प्रतिशतले वृद्धि भई रू. ७०८ अर्ब ७६ करोड पुगेको छ । चालु आर्थिक वर्ष २०७१/७२ को दोस्रो महिनामा भने कुल वस्तु आयात २०.९ प्रतिशतले बढ्न गई रू. १२६ अर्ब ३६ करोड पुगेको छ ।

आर्थिक वर्ष २०७०/७१ मा कुल वस्तु व्यापार घाटा २८.९ प्रतिशतले वृद्धि भई रू. ६१८ अर्ब ४७ करोड पुगेको छ । चालु आर्थिक वर्ष २०७१/७२ को दोस्रो महिनामा भने कुल वस्तु व्यापार घाटामा २५.३ प्रतिशतले वृद्धि भई रू. १०७ अर्ब ७३ करोड पुगेको छ ।

आर्थिक वर्ष २०७०/७१ मा निर्यात-आयात अनुपात १२.७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २०७१/७२ को दोस्रो महिनामा यस्तो अनुपात ११.४ प्रतिशतमा झरेको छ ।

## शोधानान्तर स्थिति

आर्थिक वर्ष २०७०/७१ असार मसान्तसम्म समग्र शोधानान्तर स्थिति रु. १२७ अर्ब १३ करोडले बचतमा रहेको छ भने अघिल्लो वर्ष यस्तो बचत रू ६८ अर्ब ९४ करोड रहेको थियो । आर्थिक वर्ष २०७१/७२ को दोस्रो महिनामा समग्र शोधानान्तर स्थिति रु. १० अर्ब ५० करोडले घाटामा रहेको छ । अघिल्लो वर्ष  सोही अवधिमा ३३ अर्ब बचतमा रहेको थियो । त्यसैगरी यस अवधिमा चालु खाता रू. ९ अर्ब ९८ करोडले घाटामा रहेको छ । गत वर्षको सोही अवधिमा उक्त खाता रु. १८ अर्ब ३५ करोडले बचतमा रहेको थियो ।

## खुद वैदेशिक सम्पत्ति

चालु आर्थिक वर्षको दोस्रो महिनामा खुद बैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याँङ्कन नाफा/नोक्सान समायोजित) १.८ प्रतिशत (रु. १० अर्ब ५४ करोड) ले बढेको छ । गतबर्षको सोही अवधिमा सो सम्पत्ति ७.० प्रतिशत (रू. ३३ अर्ब) ले बढेको  थियो ।

## विदेशी विनिमय संचिति

२०७१ असार मसान्त सम्म रु. ६ खर्ब ६५ अर्ब ४१ करोड विदेशी विनिमय संचिति रहेको छ जुन अघिल्लो वर्षको सोही अवधीको तुलनामा २४.८ प्रतिशतले बढी हो । आर्थिक वर्ष २०७०/७१ को आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तर ११.५ महिनाको वस्तु आयात र १० महिनाको वस्तु तथा सेवा आयात धान्न प्रयाप्त रहेको  छ । २०७१ भाद्र मसान्तमा कुल विदेशी विनिमय सञ्चिति रु. ६६० अर्ब ८० करोड पुगेको छ र यो सञ्चिति २०७१ असार महिनाको तुलनामा ०.७ प्रतिशतले कमी हो ।       आर्थिक वर्ष २०७१/७२ को दोस्रो महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तर १०.७ महिनाको वस्तु आयात र ९.१ महिनाको वस्तु तथा सेवा आयात धान्न प्रयाप्त रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो सञ्चिति रु. ५८४ अर्ब ६१ करोड रहेको थियो ।

## विप्रेषण आप्रवाह

आर्थिक वर्ष २०७०/७१ मा विप्रेषण आप्रवाह २५.० प्रतिशतले वृद्धि भई रू. ५४३ अर्ब २९ करोड पुगेको छ । आर्थिक वर्ष २०६९/७० मा विप्रेषण आप्रवाहमा २०.९ प्रतिशतले वृद्धि भएको थियो ।

चालु आर्थिक वर्ष २०७१/७२ को दोस्रो महिनामा विप्रषण आप्रवाहमा ४.० प्रतिशतले कमी आएको छ । गत वर्षको सोही अवधिमा विप्रेषण आप्रवाहमा ३४.७ प्रतिशतले वृद्धि भएको थियो ।

## कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति

चालु आर्थिक वर्ष २०७१/७२ को भाद्र मसान्तमा कच्चा पेट्रोलियम को मूल्य प्रति ब्यारल अमेरिकी डलर ९६.४३ रहेको छ जुन मूल्य २०७० भाद्र मसान्तमा अमेरिकी डलर ११०.८६ रहेको थियो । २०७१ भाद्र मसान्तमा सुनको मूल्य प्रति आउन्स अमेरिकी डलर १२३४.२५ कायम रहेको छ र यो मूल्य २०७० भाद्र मसान्तमा अमेरिकी डलर १३२४.० रहेको थियो ।

# धितोपत्र बजार

२०७१ भाद्र मसान्तमा नेप्से सूचकाङ्क ५१९.९ विन्दुमा पुगेको छ । गतवर्ष भाद्र मसान्तमा सो सूचकाङ्क ५५१.७ विन्दु कायम भएको थियो । त्यसैगरी धितोपत्रको बजार पूँजीकरण २०७१ भाद्र मसान्तमा रू. ९३९ अर्ब ८३ करोड कायम भएको छ । २०७१ भाद्र मसान्तसम्ममा नेपाल स्टक एक्सचेन्जमा सूचीकृत कम्पनीहरुको संख्या २३५ पुगेको छ । गतवर्षको सोही अवधिमा यो संख्या २२६ थियो । पछिल्लो तथ्याङ्क अनुसार २०७१ कार्तिक ९ गते नेप्से सूचकाङ्क ९३०.३३ विन्दुमा रहेको छ ।

*स्रोत: MoF/NRB/CBS/FCGO*

***(पुनश्च: माथि प्रस्तुत गरिएका तथ्याङ्कहरुलाई आगामी दिनमा निरन्तर अद्यावधिक गर्दै लगिने छ ।)***

# आर्थिक परिसूचकहरू

(आर्थिक वर्ष २०७१।७२ को दोस्रो महिनाको तथ्याङ्कमा आधारित)

| आर्थिक परिसूचकहरु | आर्थिक वर्ष २०७१।७२ | आर्थिक वर्ष २०७०।७१ |
|---|---|---|
| ➢ विस्तृत मुद्राप्रदाय | ०.१ प्रतिशतले घटेको | ०.८ प्रतिशतले बढेको |
| ➢ संकुचित मुद्राप्रदाय | २.८ प्रतिशतले घटेको | ५.५ प्रतिशतले घटेको |
| ➢ खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) | १.८ प्रतिशतले बढेको (रु. १० अर्ब ५४ करोड) | ७.० प्रतिशतले बढेको (रु. ३३ अर्ब) |
| ➢ आन्तरिक कर्जा | ०.२ प्रतिशतले घटेको | १.८ प्रतिशतले घटेको |
| ➢ तरलता व्यवस्थापन (खुला बजार कारोवारमार्फत) | रु. ४५ अर्ब ७८ करोड बराबरको खुद तरलता प्रवाह | रु. ४९ अर्ब ९२ करोड बराबरको खुद तरलता प्रवाह |
| ➢ सञ्चित मुद्रा | ९.५ प्रतिशतले घटेको | २.९ प्रतिशतले घटेको |
| ➢ मुद्रास्फीति (वार्षिक बिन्दुगत उपभोक्ता ) | ७.६ प्रतिशत | ८.० प्रतिशत |
| ● खाद्य तथा पेय पदार्थ समूहका मूल्य सूचकाङ्क | १०.८ प्रतिशत | ९.४ प्रतिशत |
| ● गैरखाद्य तथा सेवा समूह | ४.८ प्रतिशत | ६.८ प्रतिशत |
| ➢ कुल सरकारी खर्च | ११.१ प्रतिशतले कमी (रु १७ अर्ब ५२ करोड) | २९.४ प्रतिशतले कमी (रु १९ अर्ब ७१ करोड) |
| ➢ बजेट घाटा/बचत | रु. ४२ अर्ब ९३ करोडले बचत | रु. ३५ अर्ब ४४ करोडले बचत |
| ➢ राजस्व परिचालन | २१.४ प्रतिशतले बृद्धि (रु. ५५ अर्ब ८ करोड) | २२.८ प्रतिशतले बृद्धि (रु. ४५ अर्ब ३६ करोड) |
| ➢ वैदेशिक नगद ऋण वापत | रु. १ अर्ब ५० करोड | रु. ८९ करोड ८ लाख |
| ➢ वैदेशिक नगद अनुदान वापत प्राप्त | रु. २ अर्ब ५० करोड | रु. ७ अर्ब ५० करोड |
| ➢ कुल निर्यात | ४.८ प्रतिशतले घटेको | ८.६ प्रतिशतले बढेको |
| ● भारततर्फको निर्यात | ७.६ प्रतिशतले घटेको | १८.५ प्रतिशतले घटेको |
| ● चीनतर्फको निर्यात | १५.३ प्रतिशतले घटेको | ५१.८ प्रतिशतले घटेको |
| ● अन्य मुलुकतर्फको निर्यात | ०.५ प्रतिशतले बढेको | ०.६ प्रतिशतले घटेको |
| ➢ कुल आयात | २०.९ प्रतिशतले बढेको (रु. १२६ अर्ब ३६ करोड) | १५.३ प्रतिशतले बढेको (रु. १०४ अर्ब ५४ करोड) |
| ● भारततर्फको आयात | १९.१ प्रतिशतले बढेको | २०.६ प्रतिशतले बढेको |
| ● चीततर्फको आयात | ३९.८ प्रतिशतले बढेको | १८.५ प्रतिशतले घटेको |
| ● अन्य मुलुकतर्फको आयात | १८.० प्रतिशतले बढेको | २१.६ प्रतिशतले बढेको |
| ➢ निक्षेप परिचालन | ०.३ प्रतिशतले बढेको | १.० प्रतिशतले बढेको |
| ➢ कर्जा तथा लगानी | ३.६ प्रतिशतले बढेको (रु. २४ अर्ब ४३ करोड) | १.१ प्रतिशतले बढेको (रु. १२ अर्ब ७५ करोड) |
| ➢ अन्तर बैंक कारोवार | | |

| आर्थिक परिसूचकहरु | आर्थिक वर्ष २०७१।७२ | आर्थिक वर्ष २०७०।७१ |
|---|---|---|
| ● वाणिज्य बैंकहरू<br>● अन्य वित्तिय संस्थाहरू | रु. २० अर्ब ९७ करोड<br>रु. २४ अर्ब ४३ करोड | रु. ३१ अर्ब ३८६ करोड<br>रु. २० अर्ब ५५ करोड |
| ➢ समग्र शोधनान्तर स्थिति | रु. १० अर्ब ५० करोडले घाटा | रु. ३३ अर्बले बचत |
| ➢ चालू खाता | रु. ९ अर्ब ९८ करोडले घाटा | रु. १८ अर्ब ३५ करोडले बचत |
| ➢ विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले धान्न पर्याप्त (आयातलाई आधार मान्दा) | ● १०.७ महिनाको वस्तु आयात<br>● ९.१ महिनाको वस्तु तथा सेवा आयात | |
| ➢ कुल विदेशी विनिमय सञ्चिति | ०.७ प्रतिशतले कमी<br>(रु. ६६० अर्ब ८० करोड) | ९.६ प्रतिशतले बृद्धि<br>(रु. ५८४ अर्ब ६१ करोड) |
| ➢ विप्रेषण आप्रवाह | ४.० प्रतिशतले कमी | ३४.७ प्रतिशतले बृद्धि |
| ➢ वस्तु व्यापार घाटा | २५.३ प्रतिशतले बृद्धि<br>(रु. १०७ अर्ब ७३ करोड) | १६.८ प्रतिशतले बृद्धि |
| ➢ कच्चा पेट्रोलियम | १३.८ प्रतिशतले कमी<br>(प्रति व्यारेल अमेरिकी डलर ९६.४३) | (प्रति व्यारेल अमेरिकी डलर ११०.८६) |
| ➢ सुनको मूल्य | ६.८ प्रतिशतले कमी<br>(प्रति औंस अमेरिकी डलर १२३४.२५) | (प्रति औंस अमेरिकी डलर १३२४.००) |
| ➢ धितोपत्र बजार | | |
| ● नेप्से सूचकांक | ९१९.९ विन्दु | ५५१.७ विन्दु |
| ● बजार पूँजीकरण | ६९.६ प्रतिशत बृद्धि<br>(रु. ९३९ अर्ब ८३ करोड) | |
| ● सूचीकृत कम्पनी संख्या | २३५ वटा | २२६ वटा |
| ● कारोबार | १६.५ प्रतिशत बृद्धि<br>(रु. १५० अर्ब ६९ करोड) | |

*स्रोतः अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक*

कारणहरूः

१ बिप्रेषण आप्रवाहको बृद्धिदरमा उल्लेख्य कमी आउनुका साथै आयात समेत बढेकाले खुद वैदेशिक सम्पत्तिको विस्तारमा संकुचन आएको हो ।

२ सरकारतर्फको खुद दावी घट्न गएकोले कुल आन्तरिक कर्जा घटेको हो ।

३ नेपाल राष्ट्र बैङ्कमा सरकारको नगद मौज्दात उल्लेख्य रूपले बृद्धि भएकोले सञ्चित मुद्रा घटेको हो ।

४ वस्तु आयातमा भएको उल्लेख्य बृद्धि तथा विप्रेषणको सीमान्त बृद्धिका कारण चालु खाता बचत अघिल्लो वर्षको तुलनामा न्यून रहन गएको हो ।